**गाउँसभाका निर्णयहरु :**

**निर्णय नं. १**

आगामी आ.ब. २०७६।७७ को बार्षिक नीति तथा कार्यक्रम मिति २०७६।३।१० गते पेश भई बृहत छलफल एवं संशोधनहरु पास गरि नीति तथा कार्यक्रम पास गरियो ।

**निर्णय नं. २**

मिति २०७६।३।१० गते गाउँसभामा पेश भएका तपसिलका ऐनहरु माथि दफाबार छलफल पश्चात पास गरियो ।

तपसिल

**क) स्थानीय तहको आर्थिक विधेयक २०७६**
**ख) स्थानीय तहको विनियोजन विधेयक २०७६**

**निर्णय नं. ३**

यस गाउँपालिकाको वडा नं. ६ सितापुर बजारको पोखरी विगत मिति २०७५।०५। गते ठेक्कापट्टा लगाई सोही वडाका श्री बिरेन्द्र साह सुडी लाई चलन पुर्जि दिईएको हो । पछि संघिय सरकारबाट सोही पोखरीमा रिटेनिङ्गवाल, माटो फिलिङ्ग तथा पोखरीको डिलमा बजार व्यवस्थापनको लागि योजना स्वीकृत गरि कार्यान्वयनको लागि मंत्रालयको च.नं.२४ मिति २०७५।८।२७ गतेको पत्राचार भई आएको छ । उक्त योजना सम्पादन गर्न पोखरीको पानी निकाल्नु पर्ने र चारै तिरको डिल RCC ढलान गर्नु पर्ने कार्यक्रम रहेको हुँदा उक्त पोखरीको ठेक्का तोडी आयोजना संचालन गर्ने र निज ठेकेदारले तिरेको रकम फिर्ता गर्ने कार्यपालिकाको निर्णय अनुमोदन गरिएको छ ।

**निर्णय नं. ४**

साविकको स्थानिय निकायबाट स्थायी नियुक्ति पाई कार्यरत रहनु भएका वडा सचिव श्री शंकर बहादुर वि.सि. यही मिति २०७५।०२।१४ गते देखि अनिवार्य अवकास प्राप्त गर्नु भएको हो । हाल स्थानीय निजामति सेवा ऐन, कर्मचारी कल्याण कोष कार्यविधि नबनेको अवस्थामा साविकको निजामति सेवा ऐन नियमावली अनुसार नै निजले पाउने सेवा सुविधा जस्तै संचित विदा, बिरामी विदा आदी वापतको रकम निजलाई भुक्तानी हुन निर्णय गरियो ।

## निर्णय नं. ५

प्रदेश नं. २ को **सामाजिक विकास मन्त्रालय, जनकपुरधाम** को प.सं. ७५/७६ च.नं. १४२० मिति २०७५।३।१२ गते पत्र मार्फत तपसिलको कार्यक्रम चालु आ.व. २०७५/७६ मा संचालन गर्न **अन्तर सरकारी वित्तिय हस्तान्तरण** मार्फत यस गाउँपालिकाको संचित कोषमा रु.९० लाख प्राप्त भएको हो । उक्त कार्यक्रम संचालन गर्न प्रयाप्त समय नभएको हुँदा चालु आ.व.मा संचालन हुन नसकेको हो । तसर्थ प्रदेश सरकारबाट सो सम्बन्धमा थप निर्देशन प्राप्त भए सोही अनुसार हुन अन्यथा उक्त रकम आगामी आ.व. मा सारी तोकिएको कार्यक्रम प्रचलित कानुन बमोजिम संचालन गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | कार्यक्रमको नाम | संचालन हुने स्थान | बजेट |
|---|---|---|---|
| १ | लक्ष्मीपुर पतारी गा.पा.को स्वास्थ्य चौकी महेशपुर पतारी को स्तरोन्नती | महेशपुर पतारी | रु.९० लाख |

## निर्णय नं. ६

गाउँकार्यपालिका तथा अन्तर्गतको कार्यालयहरुबाट प्राप्त हुने आन्तरिक आम्दानी गाउँसभाबाट विनियोजन भएको शिर्षकमा बाहेक खर्च हुने छैन् र खर्च गर्ने निर्णय भएकै आधारमा क्रमशः प्रथमिकिकरण गरि खर्च गर्नु पर्ने छ । आन्तरी राजस्व संकलनमा हुने वा हुन सक्ने अनियमितता रोक्नको लागि तपसिल बमोजिम गर्न/गराउन र सो नगरेमा तपसिल बमोजिम दण्ड जरिवानाको व्यवस्था गरिएको छ ।

क) कार्यालयहरुमा दैनिक राजस्व संकलनको अभिलेख राख्नु पर्ने ।
ख) संकलन भएको रकम आगामी महिनाको पहिलो साता भित्र बैंकमा जम्मा गर्नु पर्ने ।
ग) समयमा राजस्व दाखिला नगरे जिम्मेवार कर्मचारी/पदाधिकारीबाट १०% ब्याज सहित बढीमा ३० दिनको समय दिई दाखिला गर्न लगाउने ।
घ) कुनै कसैले राजस्व अपचलन गरेमा पहिलो पटक लिखितरुपमा सचेत गराई रकम दाखिला गर्न लगाउने । तर दोश्रो पटक पनि कसुर गरे बिगो बमोजिमको जरिवाना असुल उपर गर्ने ।
ङ) राजस्व वा जरिवाना वापतको रकम समयमा दाखिला गर्ने कर्मचारी/पदाधिकारीको तलब भत्ताबाट कट्टा गरि असुल उपर गर्न कार्यालयलाई बाधा नपर्ने ।

## निर्णय नं. ७

लक्ष्मीपुर पतारी गाउँकार्यपालिकाबाट तपसिलका नियम/ कार्यविधिहरु तयार गरि लागु भएको लागि अनुमोदन गरियो ।

**तपसिल**

| सि. नं. | कार्यविधिको नाम | कार्यपालिकाबाट पास भएको मिति | कैफियत |
|---|---|---|---|
| १ | अपाङ्गता भएका व्यक्तिको परिचय(पत्र वितरण कार्यविधि - २०७५ | २०७५।०९।१९ | |
| २ | व्यवसाय दर्ता तथा नविकरण कार्यविधि, २०७५ | २०७५।०९।१९ | |

| | | | |
|---|---|---|---|
| ३ | स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५ | २०७६।०२।०७ | |
| ४ | नगर प्रहरी सम्बन्धि कार्यविधि २०७६ | २०७६।०२।०७ | |

## निर्णय नं. ८

नगर प्रहरी सम्बन्धी कार्यविधि २०७६ को परिच्छेद ४ को दफा ७ बमोजिम गाउँपालिकामा रहने नगर प्रहरीहरुको तपसिल बमोजिमको पद र दरबन्दी संख्या सृजना गरियो ।

तपसिल

१. नगर प्रहरी जवान - १० वटा (२ जना महिला सहित)

२. नगर प्रहरी सहायक निरिक्षक - १ वटा

## निर्णय नं. ९

यस गाउँपालिकाको सामाजिक तथा आर्थिक बिकासको लागि गाउँकार्यपालिकाको केन्द्र जोडने सडक, दुई स्थानी तह जोडने सडक, कृषकहरुको चौतर्फी फाईदा पुग्ने आयोजना, पर्यटन विकास, शहरी बिकास तथा बातावरण लगायत अन्य बहुउपयोगी तपसिलका ठुलठुला आयोजनाहरु प्रदेश सरकार र संघिय सरकारमा पेश गरि आयोजना स्वीकृतीको लागि आवश्यक पहल गर्ने र त्यस्ता आयोजनाहरु स्वीकृत भएमा आयोजनाको कुल लागतको १०% रकम यस गा.पा. को सम्पुरक कोषबाट व्यहोर्ने निर्णय गरियो ।

**केन्द्रिय/ प्रदेश स्तरीय आयोजना**

| सि. नं. | आयोजनाको नाम | आयोजना स्थान | अनुमानित बजेट | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | लक्ष्मीपुर पतारी देखी सुखिपुर न.पा. को विद्यानगर जाने बाटोमा पर्ने बोरम नदिमा पुल निर्माण आयोजना | लक्ष्मीपुर पतारी - वडा नं. ४ | ३ करोड | ५००० | दुई स्थानीय तह जोडने आयोजना |
| २ | लक्ष्मीपुर पतारी वडा नं. ५ खरुक्याही बाट सखुवान्नकारकट्टी गा.पा. जाने बाटोमा पर्ने नदीमा मोटरेवल पुल निर्माण आयोजना | लक्ष्मीपुर पतारी - वडा नं. ५ | २ करोड | १२००० | दुई स्थानीय तह जोडने आयोजना |
| ३ | महेशपुर देखी धनछ्वार जाने बाटोमा मोटरेबल पुल निर्माण आयोजना | लक्ष्मीपुर पतारी - वडा नं. ४ | १ करोड ५० लाख | ९००० | गा.पा. केन्द्र जोडने सडक |
| ४ | लक्ष्मीपुर पतारी वडा नं. ३ को हरिनगर देखी खरुक्याही जाने बाटोमा पर्ने टुरी नदीमा मोटरेवर पुल निर्माण आयोजना | लक्ष्मीपुर पतारी - वडा नं. ३ र ५ | १ करोड २५ लाख | ८००० | गा.पा. केन्द्र जोडने सडक |
| ५ | पिप्रा देखी पोखरभिण्डा जाने बाटोमा ३ वटा कलभर्ट निर्माण | वडा नं. १ र २ | ७५ लाख | ५००० | दुई वडा जोडने सडक |
| ६ | ऐतिहासिक तथा धार्मिक पतारी पोखरी | वडा नं. ३ | ४ करोड | ३५००० | पर्यटन लक्षित |

| | | | | | |
|---|---|---|---|---|---|
| | सौन्दर्यीकरण आयोजना | | | | |
| ७ | गाउँपालिका रिङ्गरोड निर्माण | सवै वडा | १० करोड | ५०००० | |
| ८ | बजार व्यवस्थापन (ढल निर्माण, सेड निर्माण, यात्रु प्रतिक्षालय, सार्वजनिक शौचालय, बस पार्क निर्माण आदी) | वडा नं. ३ | २ करोड | १५००० | |
| ९ | कृषि सिचाई | सवै वडामा | ५ करोड | १२००० | |
| १० | हाईवे देखी लक्ष्मीपुर पतारी जोडने मुख्य सडक खण्ड कालोपत्रे आयोजना | धनगढीमाई न.पा. वडा नं. २ र लक्ष्मीपुर पतारी गा.पा. को वडा नं. १ र ४ | १० करोड | ५०००० | दुई स्थानीय तह जोडने आयोजना |
| ११ | सामुदायिक भवन निर्माण | वडा नं. १ पिप्रा | ५० लाख | २५०० | |
| १२ | दुर्गा मंदिर निर्माण | वडा नं. १ रामपुर | १ करोड | | |
| १३ | साविक १ वडाको चौधरी टोलमा सामुदायिक भवन निर्माण | वडा नं. २ पोखरभिण्डा | २५ लाख | | |
| १४ | पोखरभिण्डाको बजार देखि मुस्लमान टोलसम्म RCC ढलान | वडा नं. २ पोखरभिण्डा | २५ लाख | | |
| १५ | लक्ष्मीनारायण मंदिरको जिर्णोधार | " " | ३० लाख | | |
| १६ | हनुमानढोकाको कम्पाण्डवाल निर्माण | वडा नं.३ हरिनगर | २५ लाख | | |
| १७ | साविक ८ नं. वडाको दुलासाईर पोखरी डीलमा सामुदायिक भवन निर्माण | वडा नं.३ हरिनगर | २५ लाख | | |
| १८ | अधुरो सामुदायिक भवनको जिर्णोधार | वडा नं. ४ ब्रहम्पुरी | ५० लाख | | |
| १९ | ब्रहम्पुरी पोखरीमा रिटेनिङ्गवाल निर्माण | वडा नं. ४ ब्रहम्पुरी | ५० लाख | | |
| २० | धनछवारको सामुदायिक भवन निर्माण | वडा नं. ४ धन्छवार | २५ लाख | | |
| २१ | अधुरो शिव मंदिर जिर्णोधार तथा निर्माण | वडा नं. ४ | २५ लाख | | |
| २२ | खुरुक्याहीको रामजानकी मंदिर निर्माण तथा ८ कठ्ठा जग्गा संरक्षानार्थ कम्पाण्डवाल निर्माण | वडा नं.५ खरुक्याही | ५० लाख | | |
| २३ | खुरुक्याहीको बजारक्षेत्रमा ढल निर्माण | वडा नं.५ खरुक्याही | ५० लाख | | |
| २४ | प्रहरी चौकी भवन निर्माण तथा स्तरउन्नती (प्रहरी चौकीकै जग्गामा) | वडा नं. ६ सितापुर | २ करोड | | |
| २५ | स्वास्थ्य चौकी स्तरउन्नती तथा MBBS माग गर्ने | वडा नं. ६ सितापुर | १ करोड | | |
| २६ | सितापुर स्वास्थ्य चौकीको लागि Ambulance खरिद कार्य | वडा नं. ६ सितापुर | १५ लाख | | |
| २७ | पक्कीनाला निर्माण (सितापुरबजार देखि दक्षिण पथरगाढा नदी सम्म) | वडा नं. ६ सितापुर | ४ करोड | | |
| २८ | सडक विस्तार, कालोपत्रे तथा कलभर्ट निर्माण आयोजना (गणेशपुर चौक देखी दक्षिण सितापुर | वडा नं. ६ सितापुर | १४ करोड | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | नर्गी भारत सिमा सम्म) | | | | |
| २९ | सडक विस्तार तथा माटो ग्राभेल आयोजना (सितापुर देखि मिर्जापुर सम्म) | वडा नं. ६ सितापुर | ६० लाख | | |
| ३० | सितापुरबजारमा शिवमंदिर निर्माण (दुर्गामंदिर अगाडी ) | वडा नं. ६ सितापुर | २५ लाख | | |
| ३१ | बौकीदेवी थानको व्यवस्थापन | वडा नं. ६ सितापुर | २ करोड | | |
| ३२ | बजार व्यवस्थापन | वडा नं. ६ सितापुर | १ करोड | | |
| ३३ | बजारपोखरीको डिलमा सेड निर्माण | वडा नं. ६ सितापुर | ७० लाख | | |
| ३४ | सामुदायिक भवन निर्माण (साविक ६ नं. पासमान टोलमा र कलयानपुर चौधरी टोलमा ) | वडा नं. ६ सितापुर | ६० लाख | | |
| ३५ | लक्ष्मीपुर पतारी मुल सडकमा नाला निर्माण | वडा नं. ४ | ५० लाख | | |
| ३६ | पंडिजि पोखरीमा भवन तथा रिटेनिङ्गवाल निर्माण | वडा नं. ५ | ५० लाख | | |
| ३७ | नाला निर्माण (इनदल यादवको घर देखि पर्सा प्रा.वि.सम्म) | वडा नं. २ | ५० लाख | | |
| ३८ | पिप्रा रामपुरमा विद्युतिकरण | वडा नं. १ | ५० लाख | | |
| ३९ | सितापुरमा विद्युतिकरण | वडा नं. ६ | ५० लाख | | |

**निर्णय नं. १०**

पछिल्ला गाउँसभाबाट पास भएका निर्णयहरुलाई निरन्तरता दिदै यस सभाबाट पास भएका निर्णयहरु यसै बमोजिम हुने गरि कार्यान्वयन हुन निर्णय गरियो ।

**- समाप्त -**